# ढकारी गाउँपालिका

# गाउँकार्यपालिका कार्यालय

## पशु सेवा साखा

### ढकारी, अछाम

# प्रगति प्रतिबेदन

आ. व.२०८१/०८२

ढकारी गाउँपालिका

# गाउँकार्यपालिका कार्यालय

## पशु सेवा शाखा

### प्रगति प्रतिबेदन

नेपालको संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा कृषि तथा पशुपन्छीसम्वन्धी उल्लेखनीय वस्थाहरु स्पष्ट रूपमा राखिएको छ । यी कानुनी दस्तावेजहरूद्वारा कृषि, पशुपन्छी, तथा स्थानीय तहको अधिकार निर्धारण गरिएको छ। अनुसूची–८ (स्थानीय तहका एकल अधिकारहरू)स्थानीय सरकारका अधिकारहरूमा समावेश:कृषि र पशुपालन पशु स्वास्थ्य पशु चौपाया तथा कुकुर व्यवस्थापन कृषि बजार व्यवस्थापन बमोजिम स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को धारा ११ ,१२, र १७ बमोजिम । नेपाल एक कृषि प्रधान देस हो यहाको जनसंख्याको ६०.४% जनता कृषिमा संलग्न हाम्रो देश नेपालमा आर्थिक मेरु दन्डको रुपमा रहेको कृषि क्षेत्रको दिगो विकास विना गरिवि न्युनिकरण सम्भव छैन। देशको कुल ग्रहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९% अर्थात एक तिहाइ रहेको छ भने कुल ग्रहस्थ उत्पादनको ७९.५%कृषिले ओगटेको छ ।कुल कृषि जन्य उत्पादनमा पशुपालनको योगदान २०.५ % रहेको छ। पशुपालनको क्षेत्रको योगदानरहेको छ कृषिबाट हुने ग्रहस्थ उत्पादनमा प्रति व्याक्ति उपलव्धता दुध अण्डा र मासुमा क्रमस ८८ के जि, ४५.६२ वटा र १७. ५८ के जि रहेको छ ।

नेपाल एक कृषि प्रधान देस हो यहाको जनसंख्याको ६०.४% जनता कृषिमा संलग्न हाम्रो देश नेपालमा आर्थिक मेरु दन्डको रुपमा रहेको कृषि क्षेत्रको दिगो बिकास बिना गरिबि न्युनिकरण सम्भव छैन। देशको कुल ग्रहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २३.९% अर्थात एक तिहाइ रहेको छ भने कुल ग्रहस्थ उत्पादनको ७९.५%कृषिले ओगटेको छ ।कुल कृषि जन्य उत्पादनमा पशुपालनको योगदान २०.५ % रहेको छ। पशुपालनको क्षेत्रको योगदानरहेको छ कृषिवाट हुने ग्रहस्थ उत्पादनमा प्रति व्याक्ति उपलव्धता दुध अण्डा र मासुमा क्रमस ८८ के जि, ४५.६२ वटा र १७.५८ के जि रहेको छ।

## पशु सेवा शाखाको संक्षिप्त परिचयः-

ढकारी गाउँपालिकाको सन्तुलित विकासको लागि पशु धनको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले २०७४ देखि देशमा संघियता लागु हुदा साविकका गा बि स हरु मिलान भइ ५ वटा गा वि स एकिकरण गरी अछाम जिल्लामा रहेका ढकारी, हिच्मा, बलाता, ढुङ्गाचालना र घोडासैन गा वि स मिलेर एक स्थानिय तह ढकारी गाउँपालिका भयको हो। अछाम जिल्लाका १० वटा स्थानिय तह मध्ये सबै भन्दा बिकट पहाडी ग्रामीण जन जिवन भयका साविकका ५ वटा गा.वि.स. घोडासैन, ढुङ्गाचाल्ना, बलाता,हिच्मा र ढकारी मिलेर बनेको छ। ढकारी गाउँपालिका भित्र साबिकका ढकारी गा.वि.स. वार्ड न. १,हिच्मा गा.बि.स. वार्ड न. २ र ३ ढुङ्गाचाल्ना गा.बि.स. वार्ड न. ६र७ बलाता वार्ड न.४र५ घोडासैन वार्ड न. ८ गरि जम्मा ८ वटा वार्ड रहेका छन । यहाका अधिकाशं बासिन्दाहरुको जिविको पार्जनको प्रमुख आधार कृषि पेशा हो । ढकारी गाउँपालिका कृषि प्रणालि पशुपालन व्यावसायको अछाम जिल्ला महत्वपुर्ण स्थान रहि आयको छ । पशुपालनले कृषि उत्पादनको पुरक अंगको रुपमा कृषकको आयआर्जन गर्ने मुख्य आधारको काम गरेको छ । घोडसैन गा.बि.स. आधा कमलवजार न.पा. रहेको छ। नेपाल सरकारको संम्विधान व्यावस्था भय अनुरुप देशभरी प्रत्येक स्थानिय तहमा आर्थिक विकास समिति भित्र पर्ने साखा हरु मध्ये पशु सेवा साखा पनि एक हो। ढकारी गाउँपालिका मा पनि पशु सेवा शाखा रहेको छ यस शाखाले ढकारी गाउँपालिका भित्रका सबै वार्डमा रहेका पशु पन्छि पालक कृषकलाई पशु स्वास्थ्य सेवा , पशु विकास कार्यक्रम, आहारा विकास कार्यक्रम,नक्ष्र सुधार कार्यक्रम र प्राविधिक सेवासल्लाह देइरहेको यो शाखा ढकारी गाउँपालिका गाउँकार्यपालिकाले व्यवस्था गरे अनुसार ढकारी गाउँपालिका पशु सेवा शाखाको सिमित श्रोत साधनबाट परीचालन भइपशुपालन व्यावसायलाई अझ बढि लाभदाइक बनाउदै लैजान पशुपालन र व्यावस्थापनमा गुणात्मक सुधार गर्न आवश्यक पर्ने पशु विकासका आधारभुत कार्यमा कृषकलाई टेवा दिने काम यस शाखा कार्यालयले गर्दै आयको छ ।

## दृष्टिकोण(vision)

| "दुध तथा दुग्ध पदार्थको उत्पादन बढाउ गोठ देखि ओठ सम्म स्वच्छता बढाउ" |
|---|

दिगो पशुपंन्छी विकास (sustainabal livestock development) मार्फत कृषकको जिवन स्तरमा सुधार ल्याउन ढकारी गाउँपालिका गाउँकार्यपालिका पशु सेवा शाखाको पशुपंन्छि विकास कार्यक्रमको मुख्य दृष्टिकोण रहेको छ।

## दिर्घकालिन उद्देश्य

ढकारी गाउँपालिका पशु सेवाशाखा बाट पसुपंन्छि विकास गरि आय आर्जन गर्दै गरिबि न्युनिकरणमा योगदान पुर्याउनु यस शाखाको प्रमुख लक्ष्य रहेको छ।

## उद्देश्य

ढकारी गाउँपालिका आर्थिक विकास समिति भित्रको विभिन्न शाखाहरुका आ- आफ्नै उद्देश्य रहेका छन जस मध्ये पशु सेवा शाखाको पनि पशु विकासमा आधुनिकिकरण गर्दै लैजाने प्रमुख लक्ष्य अनुरुप पशुपालन क्षेत्रलाई आर्थिक मेरुदण्डको रुपमा विकास गरी नेपाल सरकारले बनाएका कृषि तथा पशुपन्छि विकास रणनिति, निति, ऐन , नियम, निर्देशिकाको परिधि भित्र रहि ढकारी गाउँपालिकाले आर्थिक विकासका लागि बनाएका ऐन, नियम , निति र कार्यविधिको उद्देश्यलाई अत्मासात गर्दै यस स्थानिय तहको पशुपंन्छिपालन व्यावसायबाट विदेश पालायन हुने युवा हरुलाई यस ढकारी गा पा मा स्वरोजगार पर्वद्धन गरि निर्वाह मुखि कृषि तथा पशुपन्छिपालन व्यासायलाई व्यावसायिकरण गर्दै लैजाने कुल ग्रहस्थ उत्पादनमा अन्दै एक तिहाई (१/३)लाई वृद्धि गरी कुल ग्रहस्थ उत्पादनलाई ५०% पुग्राउने उद्देश्य रहेको छ ।पशुपालन व्यवसायलाई प्रविधिकरण,व्यावसायीकरण गर्दै आयमुलक र सम्मानित पेशाको रुपमा विकास गरी ढकारि गाउँपालिकाको समग्र पशुपंन्छि विकासमा टेवा पुर्याउन पशु सेवा शाखाको निम्न उद्देश्यहरु रहेका छन ।

- खाद्य असुरक्षा तथा पोषणको जोखिममा परेका बस्ति तथा समुदायमा पशु जन्य पदार्थको उत्पादन र उत्पादकत्व वृद्धि गरी ढकारी गा पा को खाद्य सुरक्षा अभिवृद्धि गर्ने र कुपोसण हुन बाट बचाइ आर्थिक समुन्ति गर्ने ।
- परम्परागत पशुपालनलाई क्रमसः सुधार गरी यसलाई कृषक परीवारको मुख्य आय आर्जनको माध्यमको रुपमा विकास गर्ने ।
- पशु स्वस्थ्य सेवा विस्तार गरि पशुपंन्छि धनको संरक्षण तथा मृत्यु दर कम गर्ने।
- पशुपालन व्यावसायमा वातावरण मैत्रि प्रविधिको विस्तार गरी जलवायु परिवर्तन तथा दैवि प्रकोपबाट हुन क्षती न्युनिकरण गर्ने ।
- पशुपंन्छि तथा पशु पंन्छि जन्य उधमिको विकासबाट रोजगारीका अवसरहरुको सृजना गर्न निजि क्षेत्रको लगानिमा बढावा दिने ।

## हावा पानि तथा बर्षाः-

ढकारी गाउँपालिकामा गर्मिमा खासै गर्मि पनि हुदैन हिउदमा जाडो बिहान बेलुका भय पनि दिउस तिर घाम पर्ने हुनाले खासै जाडोको महसुस हुदैन। आज भोलि दिनानु दिन जलवायु परिर्वतनका कारण गर्मिको समयमा गर्मिको अलि अलि महसुस हुन थालेको छ। यहाका पशुपालक कृषकहरुको जनजिवन प्राय गरी उकाला, ओराला, भिरपाखाका भिरालो जमिनका कारण पशुपालक कृषकहरुको जनजिवनमा साह्रै कष्टप्रदायक छ।कृषकहरुको बसोबास देखि वनजंगल टाढा रहेको हुदा पशु आहाराको मुख्य स्रोत घाँस भयकोले कृषकहरुलाई पशु आहाराको धेरै आवश्यकता पर्दछ तर आवश्यकता भयपनि यस ठाउँका कृषकहरु घासँ खेति र घासँ व्यवस्थापनमा त्यति चासो राख्दैनन्। बर्षभरि सरदर ८०% पानि वर्षा मौसममा असार देखि असोज सम्म पर्दछ भने बाकि २०% पानि अरु मौसममा पर्दछभने योठाउमा समसितोसण हावापानि पहिन्छ।

## स्थानीय बिकास

स्थानीय तहमा निर्वाचन सम्पन्न भई सेवा प्रवाहमा प्रभावकारिता अभिवृद्धि भएको छ । स्थानीय पूर्वाधार लगायतका विकास निमार्णका कार्यमा तिब्रता आएको छ । सेवा प्रवाह तथा कार्य प्रणालीलाई सहज बनाउन तथा प्रभावकारिता ल्याउन निर्देशिका, कार्यिविधि तयार भई स्थानीय तहले जनतालाई सेवा पुर्याउन थालेका छन् । पसुपंन्छि विकासमा पसु सेवा शाखा र स्थानीय तहको संगठनात्मक संरचना, जनशक्ति दरबन्दी तथाव्यवस्थापन, पर्याप्त स्रोत हस्तान्त्रण, नियमित अनुगमन तथा मुल्याङ्कन र समन्वय संयन्त्र विकास गर्नु आवश्यक रहेको छ ।

**"खेर गएको आलिकान्ला र डिलहरुमा घास रोपौ**
**पशु वस्तुलाई आहारा पुर्ति संगै वातावरण जोगाऔ"**

## पशु सेवा बिकास कार्यक्रमको परीचय:-

कृषिमा आधारित ग्रामिण समुदायमा रहने निरपेक्ष गरिबिका [illegible] कृषक हरुका लागि [illegible] रोजगारी तथा आयमुलक पेशाको रुपमा पशुपंन्छिपालन व्यवसाय एक महत्वपुर्ण माध्यम रहेको छ तर यस स्थानिय जातका पशुपंन्छिपालन भएकोले उत्पादन तथा उत्पादकत्व ज्यादै न्युन भयको हुदा पशुपालन व्यवसाय फस्टाउन उद्देश्य उनुरुप उन्नत जातका पशुपंन्छिपालन गरि युवाहरुलाई स्वरोजगार बनाउने र उत्पादन वृद्धि गराउने उद्देश्यले पशु सेवा शाखाबाट बिभिन्न कार्यक्रम सञ्चालन गरियको छ ।

१. खोप सेवा ।
२. कृतिम गर्भाधान ।
३. वडाका पशु सेवा प्राविधिक सँगमा मासिक बैठक ।
४. अनुगमन तथा भ्रमण खर्च ।
५. बिविध खर्च ।
६. उपचार सेवा मेडिकल माईनर माईनर सर्जिकल उपचार र औषधि खरीद ।

## पशु सेवा शाखाको कर्यक्षेत्र:-

ढकारी गाउँपालिका भरीका ८ वटै वार्डहरु यस शाखाको कार्यक्षेत्र रहेका छन। प्राविधिक जनशक्ति कम भयपनि किसानको घरदैलोमा पुगि कृषकको समस्या अनुरुप निःशुल्करुपमा सेवा उपलब्ध गराउदै आयका छौ।

## उद्देश्य

१. निर्वाह मुखि पशुपालन व्यासयलाई व्यसायिक बनाई स्वरोजगार प्रवद्धन गर्ने ।
२. गरिबिलाई न्युनिकरण गर्ने ।
३. पशु जन्य उत्पादन वृद्धि गरी दुध ,मासु, र अण्डाको आयत प्रतिस्थापन गरी निर्यात पद्धति को बिकास गर्ने ।
४. आर्थिक वृद्धि गर्ने ।
५. पशुमा लाग्ने रोगको न्युनिकरण गरी मानव जिवनमा सक्रमण रोगबाट हुने क्षतिको रोकथाम गर्ने ।
६. पशु पंन्छिको विकास गर्ने ।
७. पशु पंन्छिको निःशुल्क उपचार गर्ने ।
८. आयआर्जनको मुख्य स्रोत पशुपन्छि लाइ बनाउने ।
९. स्वरोजगार सिर्जना गर्ने ।

## ढकारी गाउँपालिका पशु सेवा शाखामा कार्यरत कर्मचारीको विवरण

| क्र. स. | कर्मचारीको नामथर | पद | जिम्मेवारी | फोन न. |
|---|---|---|---|---|
| १ | नृप प्रसाद भण्डारी | ना प स्वा प्रा | शाखा प्रमुख | ९८४८५३२२४१/ ९८६४८११२०६ |
| २ | खगेन्द्र प्रसाद जैशि | ना प से प्रा | शाखा कर्मचारी | ९८४२६८०३०९ |
| ३ | झंकर बाहादुर सावद | ना प स्वा प्रा | वार्ड न. ४ | ९८४९६८८८५६ |
| ४ | कपिल बिष्ट | ना प स्वा प्रा | वार्ड न. ७ | ९८६८७८०७६१ |
| ५ | भिम बहादुर वि क | ना प स्वा प्रा | वार्ड न.६ | |
| ६ | अम्बिका कुमारी बि सि | ना प स्वा प्रा | वार न. २ | ९८४७५२८४८६ |
| ७ | खकेन्द्र विक | ना प स्वा प्रा | वडा न. ५ | |
| ८ | मिन बहादुर खड्का | ना प स्वा प्रा | वार्ड न. ८ | ९८४३०३६४१२ |
| ९ | बेलु कुमारी बुढा | ना प स्वा प्रा | वार्ड न.१ | ९८६८७८२३५१ |
| १० | चन्द्रा बुढा | ना प स्वा प्रा | वार्ड न. ३ | ९८६५७५३१६८ |
| ११ | देउमल सिंह बुढा | का स | पशु सेवा शाखा | ९८६८४४१३३२ |

"आलि कान्लामा डाले घास बोट रोपौ ।
पशु आहारा आपुर्ति गराई उत्पान बढाऔ"

## बार्षिक कार्यक्रम र प्रगति प्रतिबेदनः-

प्रतिबेदन अवधि २०८१/४/१ देखि २०८२/०३/२९

आ.व. २०८१/०८२

ढकारी गाउँपालिका पशु सेवा शाखाबाट संचालन गरीयका मूख्य क्रियाकलाप तथा उपलब्धिहरु

| सि. न. | कार्यक्रमहरु | विनियोजित बजेट | खर्च बजेट | उपलब्धि |
|---|---|---|---|---|
| १. | बिबिध खर्च | ५०००० | १५००० खर्च भएको र ३५००० काम भइसकेको भुक्तानि बाकि। | पशु सेवा शाखावाट सञ्चालन हुने विभिन्न कार्यक्रमको वारेमा पत्रपत्रिका तथा एफ एम मार्फत सुचना प्रशारण गरि सुचना प्रवाह लगायतका अन्य खर्च गरियो जम्मा ३०% खर्च भयो बाकि काम भइसकेको भुक्तानि बाकि। |
| २. | खोप सेवा | १००००० | १००००० | रेविज खोप १००० डोज खरीद गरी गाई भैशि पशुमा लागाएको छ १००% खर्च भएको। |
| ३. | पशु स्वास्थ्य तथा खोप शिविर | १५०००० | १३०००० बाकि २०००० भुक्तानि बाकि ८६.६७ % खर्च भइसकेको। | यो कर्यक्रम वाजेटवाट ढकारी गाउँपालिकाको ८ वटै वडाहरुमा २ पटक गरी एक पटकमा १६ दिन सम्म पशु स्वास्थ्य तथा खोप घुम्ति शिविर चलाएको छ उक्त शिविरमा २९५३ गाई गोरू र भैशिमा खोरेत लम्पि स्किन रोगको खोप , १५००० हजार वख्रामा पि पि आर खोप र ७५३ कुकुरमा रेविज विरुद्धको खोप लगाईएको छ। |
| ४. | वार्डका पशु सेवा प्राविधिकहरु सँग मासिक रीपोर्टिङ | ६०००० | मासिक रिर्पोटिङ भइरहेको तर रकम भुक्तानि नभएको। | ढकारी गा पा का ८ वटै वडामा कार्यरत पशु सेवा प्राविधिकहरुले गरेको काम र सेवा को रिपोर्टिङ इपिडिमियोलोजिकल रीपोर्टिङ गरियो। |
| ५. | अनुगमन तथा भ्रमण खर्च | ५०००० | काम सम्पन्न भएर फाईल पेश भएको तर भुक्तानि नभएको। | ढकारी गा पा भित्र पशु सेवा शाखा र अन्य कार्यालय संघ सस्थावाट सञ्चालित क्रियाकलाप अनुगमन गरी प्राविधिक सेवा दिएको। |
| ६. | कृत्रिम गर्भाधान कार्यक्रम | १००००० | ७३००० | ढकारी गा पा पशु सेवा शाखावाट स्थानिय जातका पशुमा उन्नत जातका पशुको सिमेनबाट कृत्रिम गर्भाधान गर्नका लागी पशु सेवा प्राविधिकलाई कृत्रिम गर्भाधान तालिम लिई कृत्रिम गर्भाधानका लागि प्रयोग हुने समाग्री खरिद गरी उक्त कार्य सञ्चालन गरि १५ वटा भैशिमा कृतिम गर्भाधान गरीयको छ १०० % बजेट खर्च भएको छ ७३% भुक्तानि भएको वाकि भुक्तानि बाकि। |
| ७. | उपचार सेवा मेडिकल माईनर सर्जिकल उपचार र औपधि खरीद | ८००००० | ७८८००० | पशुपंन्छि उपचारमा प्रयोग हुने औपधि खरीद गरी सबै वाडामा औपधि पठाइ १५७९ घरपरिवार कृपकका १५०९४ पशुपंन्छिलाई बीभिन्न रोगको उपचार गरीयो ९८.५०% खर्च भएको बाकि भुक्तानि |

"सडक छेउ रबिजुलि बत्तिको सुविधा भयको स्थानमा व्वसायिक कुखुरापालन ,
जंगल र चरणधेरै भएको स्थानमा व्यावसायिक रुपमा आमदानि गर्न बाख्रापालन "

| | | | | |
|---|---|---|---|---|
| | | | | गराएको १००% काम सम्पन्न खर्च भएको । |

## शर्सत अनुदान तर्फको कार्यक्रम सम्पन्न प्रतिबेदन

| सि. न. | कार्यक्रमहरु | विनियोजित बजेट | खर्च बजेट | उपलब्धि |
|---|---|---|---|---|
| १. | ईपिडिमियोलोजिकल रिपोर्टिङ | १२००० | १२००० | ढकारी गा पा का सम्पूर्ण वडाका पशु पंन्छिहरुको पशु सेवा शाखाबाट गरीयको उपचारको आधारमा र केस रजिस्टरमा दर्ता भएका रोग हरुको मासिक रिपोर्टिङ संघ प्रदेश मातहातका कार्यालयमा प्रत्येक त्रैमासिकमा रिपोटीङ गरि १००% बजेट खर्च भयको छ । |
| २. | महामारी आकास्मिक रोग नियन्त्रण कार्यक्रम | १००००० | १००००० | यस कार्यक्रमबाट पशु सेवा शाखाका विभिन्न रोगको को कोल्ड चैन व्यावस्थापनका लागी डिप फ्रिज लगायतका कार्य व्यावस्थापन कार्य गरीयो |
| **प्रदेश शर्शत** | | | | |
| ३. | उत्पादनमा आधारीत अनुदान (घास – अम्रिशो) | ९०००० | ९०००० | यस कार्यक्रमका लागि सुचना प्रकासित गरि पेश भएका प्रस्तावहरू ६ वटा सबै छनौट भएकाले अम्रिशो घासको व्यावसायिकता बढ्ने छ । |

## प्रगति

ढकारी गाउँपालि गाउकार्यपालिकाको आ. व. २०८१/०८२ को गाउँसभामा पशु सेवा शाखाबाट पेस भयका बिभिन्न कार्यक्रमहरु मध्ये माथि उल्लेखित क्रियाकलाप गर्नका लागी पास भएको बजेट रकम रु ११६०००० मध्ये गाउकार्यपालिकाले पशु सेवा शाखाबाट सञ्चालित विभिन्न कार्याक्रको बजेट रकम रु १०३०००० खर्च भएको छ यस ढकारी गा पा का कृषकले पालन गरीरहेका जम्मा पशुपंन्छिको संख्या ९१६०९ मध्ये पशु सेवा शाखा बाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सबै वडाका ४९२३ जना कृषकका ८०१५० पशु पंन्छिको बिबीन्न रोगको उपचार गरी लाभाम्वित भई उपलब्धि हासिल भएको छ । संघिय सरकारबाट हस्तान्तरित शर्शत अनुदान कार्यक्रमकको जम्मा वजेट रु ११२००० अन्तरर्गत उक्त कार्यक्रम सञ्चालन कार्यविधि बमोजिका विभिन्न क्रियाकलाप गर्नका लागि सोहि स्विकृत बजेट बाट खर्च रकम रु ११२००० बजेट बराबरको कार्यक्रम सम्पन्न गरी उपलब्धि हासिल गरीयको छ । सोहि कार्यक्रमबाट ढकारी गाउँपालिका भित्रका माथिको तालिकामा उल्खित बमोजिका पशु पंन्छिपालन कृषकहरुले सेवा प्रप्त गरी लाभाम्वित भएका छन ।

### मुख्य उपलब्धि

१. कृतिम गर्भाधान सेवा सञ्चालन १५ वटा भैशिमा कृतिम गर्भाधान गरीयो ।
२. यस पालिका भित्रका १५०७९ घरपरीवारका १५०९४ पशुपंन्छिको बिभिन्न रोगको उपचार तथा रोकथाम गरीयो ।
३. खोप सेवा अन्तरगत ७५३ वटा कुकुर बिरालोलाई रेविज खोप सेवा प्रत्येक वडा कार्यालय गई खोप कार्यक्रम गरीयो ।
४. २९५३ गाई भैसि र गोरुमा लम्पि स्किन र खोरेत रोग बिरुद्धको खोप लगाईएको छ ।
५. १५००० बाख्रामा पि पि आर खोप सेवा दिइयो ।
६. भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक सहयोगमा ११ वटा व्यावसायिक बाख्रापालनका फर्म बाख्रा मोडल फर्मका लागि अनुदान कार्यक्रमबाट समुह फर्मले अनुदानपाएका छन र भैमिपालन कार्यक्रमबाट १ वटा समुह फर्मले अनुदान पाएका छन भने २ वटा माशु पसल सुधार र १ वटा डेरी पसल सुदार कार्य भएको थियो ।
७. उत्पादनमा आधारीत अनुदान (घासँ-अम्रीशो) मा ६ वटा फर्म समुह छनौट भई घास उतापादन भईरहेको प्रति रोपनि ५-७

## मुख्य समस्या तथा चुनौतिहरू

"पशु पंन्छि प्रकृतिका अनमोल सम्पति ,
यिनको विकास र सदुपयोगमा मानवको उन्नति "

१. बजेटको अभाव ।
२. कार्यक्रम सम्पन्न गरीसके पनि भुक्तानि नहुनु ।
३. भौगोलिक विकटता ।
४. सवारी साधन तथा ईन्धनको अभाव ।
५. हपहेलित पेशको रुपमा पशुपालन व्यवसायलाई लिनु ।
६. बजारको समस्या ।
७. पशुपालन व्यावसाय सम्बन्धि ज्ञान नहुनु ।
८. पर निर्भर हुनु ।
९. पर्याप्त श्रोत साधनको अभाव ।
१०. उन्नत जात पशुपालनमा यन्त्रिकरणको अभाव ।
११. जंगलि जनावरको आक्रमण ।

- किसानले पालन गरेका पशुपंन्छिहरू बिरामि हुदा समयमै उपचार नगराउनु ।
- कृषकले आफुले पालन गरेका पशु पंन्छिको स्पस्ट रुपमा लक्षण तथा ईतिहास विवरण दिन नसक्नु ।
- पशु सेवा शाखा र वडाका पशु स्वास्थ्य तथा सेवा प्राविधिकबाट लिएको औषधि समयमा नखुवाउनाले प्रतिक्रिया वा बिमारी पशु पंन्छि सन्चो नहुनु ।
- पशु पंन्छि पालन कृषकहरू व्यावसायिकता तर्फ अग्रसर नभएकाले आत्मानिर्भर मात्र लाग्ने भएकाले कार्यक्रमको प्रगति आउन समय लग्ने ।
- यस पालिकाले पशु पंन्छिको उत्पादन अभिलेख नराखेको हुदा उत्पादनको तथ्यांक नआउनु ।
- पशु पंन्छिपालनमा पशु पंन्छिको संख्या बढि हुनु उत्पादन कम देखिनु ।
- किसान अशिक्षित हुदा व्यावसायिकता सम्वन्धि ज्ञान नहुनु ।

## समस्या समाधान तथा सुझावहरु

- आवश्यकता अनुसार वजेटको व्यावस्था गरीनु पर्ने ।
- भौगोलिक विकटतालाई मध्येनजर पशु स्वास्थ्य तथा पशु सेवा प्राविधिकको व्यावस्था गरीनुपर्ने ।
- सवारी साधन तथा ईन्धन आवश्यकता अनुसार उपलब्धको व्यवस्था मिलाउनु पर्ने ।
- कृषकले गरेको पशुपालन व्यावसायलाई सम्मानजन रुपमा हेरिनु पर्ने ।
- पशुपालन व्यावसायवाट उत्पादन भएको पशुजन्य उत्पादनको अभिलेखिकरण गरी उचित मुल्यसहित वजार व्यावस्थापन गरीनु पर्ने ।
- व्यावसायिक पशुपालन सम्वन्धि कृषकको ज्ञान क्षमता अभिबृद्धि सम्मबन्धि व्यावसायिक पशुपालन तालिमको व्यावस्था गरीनु पर्ने ।
- पर निर्भरलाई निरुत्साहित गरी आत्मानिर्भर र व्यावसायिक पशुपंन्छिपालन सम्वन्धि निति तथा कार्यक्रमको तर्जुमा गरीनुपर्ने ।
- किसान तथा पशु सेवा स्वास्थ्य प्राविधिकका लागी आवश्यक श्रोत साधनको व्यावस्थापन गरीनु पर्ने ।
- पशुपंन्छि जन्य उत्पादन वृद्धि गर्न र व्यावसायिकरणका लागी उच्च उत्पादनका पशु पंन्छीको नश्लसुधार गरीनु पर्ने र अधुनिक खालका पशुपालनमा प्रयोग हुने लागत न्युनिकरण गर्ने यन्त्रिकरण वितरण गरीनु पर्ने ।
- जंगलि जनावरको आक्रमणवाट वचाउन प्रविधिको विस्तार गर्नु पर्ने ।

१. कृषकको घरदैलो र सम्वन्धित ठाउँमा गई पशु सेवा प्रसार सेवा प्रदान गरीयो ।
२. फोन सम्पर्क मार्फत किसानका समस्या समाधानका उपाय सहित सेवा प्रवाह गरीयो ।
३. पशुपंन्छिकोप समस्या पहिचाहन नभएका अवस्थामा सम्बन्धित स्थानमा गई समस्या समाधान गरीयो ।
४. सवारी शाधन र ईन्धनको व्यावस्था नहुदा पनि हिडेरै भय पनि कार्यक्रमको अनुगमन तथा सेवा गर्दै आइरहेको ।
५. महामारी रुपमा फैलियको लम्फि स्किन रोग नियन्त्रणका लागि अर्को आर्थिक बर्षमा भूक्तानि गर्ने गरी औषधि ल्याई रोग नियन्त्रणमा किसानको घर दैलो गई उपचार सेवा प्रदान गरीयो ।
६. आधुनिक तथा सुधारीयको खोर निर्माणमा प्रविधिक ज्ञान दिईयो
७. पश पंन्छि जन्य उत्पादन वृद्धि गर्न उन्नत नश्लका भाले पशु किपनलाई वितरण गरीयो ।
८. पशु पंछिपालन समुह फर्म परीचालन सञ्चालन सम्बन्धि किसानहरु सँग जानकारि तथा छलफल गरियो ।

### आ. व २०८०/०८१ पशु पन्छिको संख्या

**"गुजरा मुखिको पशु पंन्छिपालनको साटो व्यावसायिकता, पशुपालनमा आजको आवश्यकता"**

| वडा न. | बाख्रा | भैसि | गाई/ गोरू | कुकुर | कुखुरा | बंगुर/बदेल | खरायो | हास | विरालो | घोडा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५७४० | २०५ | २००८ | १९५ | १०८४ | ६ | | | | |
| २ | ५३२० | ५२५ | १५६५ | ४२० | ११२० | ३ | | | | |
| ३ | १४७६ | १७१ | ५११ | ९६ | ४३१ | [illegible] | ४६ | ८ | ५८ | ६ |
| ४ | ४४७९ | १०५ | ८९८ | १६२ | ८७४ | ९ | | | | |
| ५ | ५०६१ | १३१ | १०४६ | २१४ | ८४६ | २४ | १९ | | | |
| ६ | ५२०४ | १७८ | १३५० | २३४ | ६४१ | ३४ | ३ | १६ | ३० | |
| ७ | ६५०८ | २७६ | ११६५ | २४४ | १२१६ | ५६ | | | | |
| ८ | ४८५७ | २०७ | ११२८ | ३४० | ९४० | ४ | १० | १६ | २६ | |
| जम्मा | ३८६४५ | १७९८ | ९६७९ | १९०५ | ७१५२ | १८५ | ७८ | ४० | ११० | ६ |

बाख्रामा पि पि आर खोप लगाएका बाख्राको संख्या वडा अनुसारको विवरण ।

पशुको संख्याः-

| क्र. म. | वार्ड न. | बाख्राको संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ३०३१ | |
| २ | २ | १२५८ | |
| ३ | ३ | २३८९ | |
| ४ | ४ | १७६९ | |
| ५ | ५ | १५८० | |
| ६ | ६ | १७५० | |
| ७ | ७ | १७७४ | |
| ८ | ८ | १४४९ | |
| जम्मा | | १५००० | |

गाई भैशिमा लम्पि स्किन रोगको खोप लगाएको संख्या वडा अनुसारको विवरण

पशुको संख्याः-

| क्र. म. | वार्ड न. | पशुको (गाई भैशिं) संख्या | कैफियत |
|---|---|---|---|
| १ | ५ | १०० | |
| २ | ७ | १०० | |
| जम्मा | २०० | | |

कुकुर बिरालोमा रेविज रोगको खोप लगाएको संख्या वडा अनुसारको विवरण

पशुको संख्याः-

| क्र. म. | वार्ड न. | कुकुर विरालोको संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ८८ | |
| २ | २ | ५४ | |
| ३ | ३ | १६६ | |
| ४ | ४ | ४५ | |

"४/४ महिनामा परजिवि बिरुद्धको औषधि खुवाऔ,
आफ्ना पशु वस्तु स्वस्थ राखि उत्पादन वढाऔ"

| | | | |
|---|---|---|---|
| ५ | ५ | १३८ | |
| ६ | ६ | ९२ | |
| ७ | ७ | ६३ | |
| ८ | ८ | १०७ | |
| जम्मा | | ७५३ | |

गाई गोरु र भैशिमा खोरेत रोगको खोप लगाएको संख्या वडा अनुसारको विवरण


पशुको संख्याः-

| क्र. म. | वार्ड न. | कुकुर विरालोको संख्या | कैफियत |
|---|---|---|---|
| १ | १ | ४४० | |
| २ | २ | २३० | |
| ३ | ३ | ७३६ | |
| ४ | ४ | ३९ | |
| ५ | ५ | १६४ | |
| ६ | ६ | ३८४ | |
| ७ | ७ | ५०९ | |
| ८ | ८ | ४५१ | |
| जम्मा | | २९५३ | |

# निष्कर्ष

आर्थिक वर्ष २०८१/०८२ मा पशु सेवा शाखावाट सञ्चालित पशुपन्छी विकास कार्यक्रममार्फत लक्ष्यको झण्डै १००% सम्मको कार्यान्वयन गरिएकोमा ८४.१३% कामको भुक्तानि भएको र १५.८७% भुक्तानि नभएको । कृषकको सक्रिय सहभागिता, प्राविधिक सहयोग तथा कार्यक्रमको प्रभावकारिता सकारात्मक देखिएको छ। आगामी वर्षमा थप सुधारका प्रयास गरिनेछ।

**केहि तस्बिर**



"सडक छेउ रबिजुलि बत्तिको सुविधा भयको स्थानमा व्वसायिक कुखुरापालन ,
जंगल र चरण धेरै भएको स्थानमा व्यावसायिक बाख्रापालन गरी आम्दानी बढाऔ "















"सडक छेउ रबिजुलि बत्तिको सुविधा भयको स्थानमा व्वसायिक कुखुरापालन ,
जंगल र चरण धेरै भएको स्थानमा व्यावसायिक बाख्रापालन गरी आम्दानी बढाऔ "






"गुजरा मुखिको पशु पंन्छिपालनको साटो व्यावसायिकता,
पशुपालनमा आजको आवश्यकता"












ALBEZOLE-200


COFGO







यो प्रगति प्रतिबेदन अध्यायन गरी पशु सेवा शाखाबाट सञ्चालन भएका र आगामि कार्यक्रमको सुधार गर्नका लागि यहाहरुको सुझाब सल्लाहको अपेक्षामा छौ । तपाइहरुको सुझाब सल्लाहले ढकारी गाउँपालिकाका पशुपन्छि पालन कृषकको जिवनमा आमुल परीवर्तन आउनेछ ।

धन्याबाद !

**प्रतिबेदक**
नृप प्रसाद भण्डारी
पशु सेवा शाखा प्रमुख
ढकारी गाउँपालिका पशु सेवा शाखा

"दुध नउमाली दहि बनाउदा प्राण घातक रोग सर्न सक्छन ,
त्यसैले सधै दुध उमालेर मात्र दहि बनाउने बानि बसालौ "